राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३२५ | २०८३ साउन २२ गते शुक्रवार | (Friday, 7 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

**ढल्केवर ट्रमा सेन्टर प्रकरण**


# मन्त्रीको फेसबुके ढाड्समा 'थामथुम'को गन्ध

## राँके जुलुश गर्नेदेखि राजमार्ग बन्दसम्मको आन्दोलन घोषणा

**आन्दोलन चर्किएपछि दबाबमा परेकी स्वास्थ्यमन्त्री निशा मेहताले बिहीबार बिहान फेसबुकमार्फत ढल्केवरको ट्रमा सेन्टर योजना यथावत् रहेको भन्दै स्पष्टीकरण दिइन् । तर आन्दोलनरत पक्षले त्यसलाई आन्दोलन 'थामथुम' पार्ने प्रयास मात्र भएको भन्दै मन्त्रीको स्पष्टोक्तीलाई ठाडो अस्वीकार गरेको छ ।**

***





Nisha Mehta
13h ·

गत मंगलबार संघीय संसदमा सम्बोधन गर्ने क्रममा लहानमा ट्रमा सेन्टर निर्माण गर्ने विषय उल्लेख गरेपछि धेरै साथीहरू तथा सरोकारवालाहरूबाट धनुषाको ढल्केबरमा ट्रमा सेन्टर नबन्ने हो कि भन्ने जिज्ञासा र चासो व्यक्त भएको रहेछ।

यस सम्बन्धमा म स्पष्ट गर्न चाहन्छु कि ढल्केबरमा ट्रमा सेन्टर निर्माण गर्ने सरकारको योजना यथावत् रहेको छ। यसलाई कुनै पनि रूपमा रोकिएको वा परिवर्तन गरिएको होइन। ढल्केबरको भौगोलिक अवस्थिति, पूर्व–पश्चिम राजमार्ग तथा मधेश प्रदेशलाई जोड्ने प्रमुख सडक सञ्जालका कारण त्यहाँ ट्रमा सेन्टरको आवश्यकता अझै पनि उत्तिकै महत्वपूर्ण छ, र मन्त्रालय त्यसलाई अगाडि बढाउन प्रतिबद्ध छ।

संसदमा लहानको सन्दर्भ उठाउनुको उद्देश्य कुनै एक स्थानलाई प्राथमिकता दिएर अर्को स्थानलाई पछाडि पार्ने होइन। मधेश प्रदेशका विभिन्न क्षेत्रमा दुर्घटना, जनघनत्व, स्वास्थ्य सेवामा पहुँच तथा भौगोलिक आवश्यकतालाई आधार मानेर जहाँ आवश्यकता र सम्भाव्यता देखिन्छ, त्यस्ता स्थानहरूमा क्रमशः ट्रमा सेन्टर स्थापना गर्ने सरकारको दीर्घकालीन सोच र योजना रहेको सन्देश दिन खोजिएको हो।

स्वास्थ्य सेवा सबै नागरिकको पहुँचमा पुर्‍याउने, आकस्मिक उपचारलाई थप प्रभावकारी बनाउने र दुर्घटनाबाट हुने मानवीय क्षति न्यूनीकरण गर्ने उद्देश्यका साथ मन्त्रालयले आवश्यक अध्ययन, योजना र स्रोत व्यवस्थापन गर्दै अघि बढिरहेको छ। यस विषयमा कुनै भ्रममा नपर्न र तथ्यमा आधारित जानकारीलाई विश्वास गर्न सबैमा हार्दिक अनुरोध गर्दछु। See less

**विजय कुमार सिंह**

*ढल्केवर, साउन २१ गते ।*

संसदमा एउटा कुरा, फेसबुकमा अर्को । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले प्रतिनिधिसभाको रोष्ट्रमबाट दिएको एउटा अभिव्यक्तिले ढल्केवरमा राजनीतिक र जनआक्रोशको विस्फोट गरायो । मधेश प्रदेशको ट्रमा सेन्टर लहानमा बन्ने भन्दै मन्त्री मेहताले संसदमा दिएको अभिव्यक्तिपछि सुरु भएको विरोध अब सडक आन्दोलनमा रूपान्तरित भएको छ । आन्दोलन चर्किएपछि दबाबमा परेकी मन्त्री मेहताले बिहीबार बिहान फेसबुकमार्फत ढल्केवरकै ट्रमा सेन्टर योजना यथावत् रहेको भन्दै 'स्पष्टीकरण' दिइन् । तर आन्दोलनरत पक्षले त्यसलाई आन्दोलन 'थामथुम' पार्ने प्रयास मात्र भएको भन्दै मन्त्रीको स्पष्टोक्तीलाई ठाडो अस्वीकार गरेको छ ।

बुधबार स्थानीयले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गर्दै प्रदर्शन गरेपछि सुरक्षा संयन्त्र उच्च सतर्कतामा पुगेको छ । घटनाको रिपोर्ट माथिल्लो निकाय हुँदै सरकारसम्म पुगेको स्रोत बताउँछ । त्यसपछि धनुषा-४ का प्रतिनिधिसभा सदस्य राजकिशोर महतोसहितको टोलीले मन्त्री मेहतासँग भेट गरी ढल्केवरको वस्तुस्थितिबारे जानकारी गराएको थियो ।

चौतर्फी दबाब बढेपछि मन्त्री मेहताले फेसबुकमा स्टाटस लेख्दै ढल्केवरमा निर्माण हुने भनिएको ट्रमा सेन्टरको योजना नरोकिएको, अन्यत्र सार्ने कुनै निर्णय नभएको र मन्त्रालय योजना कार्यान्वयनप्रति प्रतिबद्ध रहेको दाबी गरिन् ।

उनले संसदमा ट्रमा सेन्टरसम्बन्धी अभिव्यक्तिपछि सञ्चारमाध्यम र सरोकारवालामाझ ढल्केवरमा ट्रमा सेन्टर नबन्ने हो कि भन्ने भ्रम फैलिएकाले स्पष्ट पार्न सार्वजनिक धारणा राख्नुपरेको उल्लेख गरेकी छन् । ढल्केवरको भौगोलिक अवस्थिति, पूर्व-पश्चिम राजमार्गको केन्द्रभाग, दुर्घटनाको उच्च जोखिम र मधेशका प्रमुख सडक सञ्जालसँगको पहुँचका कारण त्यहाँ ट्रमा सेन्टर अझ आवश्यक रहेको उनको दाबी छ ।

तर आन्दोलनरत पक्ष मन्त्रीको फेसबुक स्पष्टीकरणबाट सन्तुष्ट छैन । मन्त्रीले संसदमा दिएको अभिव्यक्ति फेसबुकबाट सच्याउन खोज्नु नै सरकारको कमजोरीको प्रमाण रहेको उनीहरूको जिकिर छ ।

मिथिला उद्योग वाणिज्य संघका संरक्षक सल्लाहकार तेजनारायण साहले 'एक प्रदेश-एक ट्रमा सेन्टर' को सरकारी अवधारणा हुँदाहुँदै एउटै प्रदेशका दुई स्थानको नाम लिनु नै शंकास्पद भएको बताए । संसदमा दिएको अभिव्यक्ति संसदबाटै सच्याउनुपर्ने भन्दै उनले त्यसो नभएसम्म आन्दोलन नरोकिने चेतावनी दिए ।

संघर्ष समितिका प्रतिनिधिसमेत रहेका युवा नेता बुधेश्वर महतोले मन्त्रीको फेसबुक स्टाटस आन्दोलन मत्थर पार्ने प्रयास मात्र भएको आरोप लगाए । नागरिकलाई भ्रममा पार्ने काम नगर्न सरकारलाई चेतावनी दिँदै उनले आधिकारिक धारणा संसदबाटै आउनुपर्ने बताए ।

यसबीच ढल्केवरमा प्रस्तावित ट्रमा सेन्टर अन्यत्र सारिएको आशंकापछि सर्वपक्षीय भेलाले मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोको संयोजकत्वमा संघर्ष समिति गठन गर्दै चरणबद्ध आन्दोलन घोषणा गरेको छ ।

समितिले साउन २१ गते प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाउने, २२ गते पत्रकार सम्मेलन गर्ने, २३ गते राँके जुलुस निकाल्ने, २४ गते पूर्व-पश्चिम राजमार्गमा आधा घण्टा चक्काजाम गर्ने तथा २५ गतेदेखि दैनिक चक्काजामको अवधि बढाउँदै लैजाने निर्णय गरेको थियो । सोही कार्यक्रमअनुसार बिहीबार धनुषाका प्रमुख जिल्ला अधिकारी

*- बाँकी पृष्ठ ३ मा*

## कक्षा १२ को मौका परीक्षाको नतिजा प्रकाशित




**काठमाडौं :** राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को मौका (पूरक) परीक्षाको नतिजा सार्वजनिक गरेको छ ।

बोर्डको बिहीबार बसेको बैठकको निर्णयअनुसार उक्त नतिजा प्रकाशित गरिएको हो । प्रकाशित नतिजाअनुसार परीक्षामा कुल ७१ हजार ३१० जना परीक्षार्थी सहभागी भएकोमा ५७ हजार ८९७ परीक्षार्थीले सबै विषयमा ग्रेड प्राप्त गरेका छन् । यो कुल परीक्षार्थीको ८१.१९ प्रतिशत हो । यस्तै, तीन जना परीक्षार्थीको भने परीक्षाफल रद्द गरिएको बोर्डले जानकारी दिएको छ । नतिजामा चित्त नबुझेका परीक्षार्थीले प्रतिविषय एक हजार रुपैयाँ दस्तुर बुझाई साउन २४ गतेदेखि साउन ३० गते साँझ ५ बजेभित्र पुनर्योगका लागि अनलाइनमार्फत आवेदन दिन सक्ने जनाएको छ ।

## मधेश प्रदेशका २४ सामुदायिक विद्यालयलाई नमूना बनाइँदै

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, साउन २१ गते ।*




मधेश प्रदेश सरकारले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यसहित प्रदेशका २४ वटा विद्यालयलाई नमूना विद्यालयका रूपमा विकास गर्ने अभियान सुरु गरेको छ ।

चालु आर्थिक वर्षदेखि बहुवर्षीय योजनाअन्तर्गत प्रत्येक जिल्लाबाट तीन-तीन वटा विद्यालय छनोट गरी पूर्वाधार, जनशक्ति र शैक्षिक व्यवस्थापनमा लगानी गरिने भएको हो ।

मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले प्रदेश सरकारले यस कार्यक्रमका लागि चालु आर्थिक वर्षमा ३२ करोड रुपैयाँ बजेट विनियोजन गरेको जानकारी दिए ।

उनका अनुसार प्रत्येक विद्यालयका लागि करिब डेढ करोड रुपैयाँका दरले बजेट व्यवस्था गरिएको छ । मन्त्री सिंहले नमूना विद्यालय निर्माणको कार्य प्रभावकारी रूपमा अघि बढाउन २४ वटै विद्यालयका प्रधानाध्यापकलाई मन्त्रालयमा बोलाएर आवश्यक निर्देशन दिइसकिएको बताए ।

उनले विद्यालयको भौतिक पूर्वाधार र आवश्यक जनशक्ति व्यवस्थापनमा प्रदेश सरकार सहयोग गर्न तयार रहेको उल्लेख गर्दै पठनपाठनको गुणस्तर सुधार गर्ने मुख्य जिम्मेवारी विद्यालय प्रशासनको हुने स्पष्ट पारे । उनले शिक्षक तथा विद्यालय

*- बाँकी पृष्ठ ३ मा*

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# घोषणा होइन, निर्णयमा देखियोस् सरकारको भरोसा

सरकारप्रति जनताको विश्वास भाषणले होइन, निर्णय र व्यवहारले बलियो हुन्छ । यही आधारमा विगतका सरकारको असफलताको विकल्प बन्ने वाचा गर्दै सुशासन, पारदर्शिता र जनमुखी शासनको प्रतिबद्धतासहित करिब दुई तिहाइ जनसमर्थन प्राप्त राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकारले नागरिकमा ठूलो आशा जगाएको थियो । प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन' ले पटक-पटक "ढुक्क हुनूस्" भन्ने सन्देश दिँदै सरकार जनतासँग गरेका प्रतिबद्धताबाट पछि नहट्ने बताएका छन् । अब त्यो सन्देश व्यवहारमा कति रूपान्तरण हुन्छ भन्ने परीक्षण यस्तै घटनाबाट हुँदै गएको छ । ढल्केवरमा ट्रमा अस्पताल निर्माणका लागि जग्गा व्यवस्थापन, आवश्यक प्रक्रिया र शिलान्यासको तयारीसम्म अघि बढिसकेको अवस्थामा स्वास्थ्यमन्त्रीले सिरहाको लहानमा ट्रमा सेन्टर स्थापना हुने घोषणा गरेपछि ढल्केवर क्षेत्रका नागरिकमा असन्तुष्टि स्वाभाविक रूपमा बढेको छ । यहाँ विवाद लहानमा अस्पताल बन्नु हुँदैन भन्ने होइन । अस्पताल जहाँ आवश्यकता बढी छ, त्यहाँ बन्नुपर्छ । सरकार सम्पूर्ण नागरिकको अभिभावक भएकाले देशका विभिन्न स्थानमा स्वास्थ्य पूर्वाधार विस्तार गर्नु सकारात्मक विषय हो ।

तर कुनै योजना एक ठाउँमा स्वीकृत भएर कार्यान्वयनको चरणमा पुगिसकेको अवस्थामा पर्याप्त आधार, अध्ययन वा स्पष्ट निर्णयबिनै अर्को स्थानको घोषणा गरिनु भने प्रश्नको विषय अवश्य बन्छ । यस्ता विरोधाभासी सन्देशले सरकारका निर्णय प्रक्रियामाथि नै शंका जन्माउँछ । स्थानीय जनप्रतिनिधि, नागरिक र सरोकारवालाले विकासको आशा बाँधिसकेको योजनालाई अन्योलमा राख्नु सुशासनको मान्यतासँग मेल खाँदैन । त्यसैले सरकारले ढल्केबरको असन्तुष्टिलाई राजनीतिक आग्रह वा दबाबका रूपमा होइन, जनविश्वाससँग जोडिएको विषयका रूपमा लिनुपर्छ । यदि योजना स्थानान्तरण गर्ने कुनै वस्तुगत कारण छ भने त्यसलाई पारदर्शी ढंगले सार्वजनिक गरिनुपर्छ । यदि त्यस्तो होइन भने स्वीकृत योजनालाई निर्धारित स्थानमै अगाडि बढाइनुपर्छ ।

प्रधानमन्त्रीले दिएको "ढुक्क हुनूस्" भन्ने सन्देशको वास्तविक अर्थ यही हो- सरकारका निर्णय पारदर्शी र जनविश्वासको सम्मान गर्ने हुनुपर्छ । ढल्केवरको विवाद समाधान गर्ने सरकारको कदमले यो सरकार विगतकै शैली दोहोर्याउने हो वा साँच्चै सुशासन र जनउत्तरदायी शासनको नयाँ अभ्यास स्थापित गर्ने हो भन्ने स्पष्ट संकेत दिनेछ । जनअपेक्षा पनि संकेत होइन, जनपक्षीय निर्णय देखियोस् भन्ने छ ।

## राशिफल

मेष – हौसला प्रदान गर्नेछ ।
वृष – मनग्य लाभ हुनेछ ।
मिथुन – शुभारम्भ गर्ने समय छ ।
कर्कट – लगानी गर्न सकिनेछ ।
सिंह – फाइदा नहुन सक्छ ।
कन्या – लक्ष्यप्राप्ति हुनेछ ।
तुला – फाइदा उठाउन सकिनेछ ।
वृश्चिक – अध्ययनमा प्रगति हुनेछ ।
धनु – निखारता आउनेछ ।
मकर – आनन्दमय रहनेछ ।
कुम्भ – उत्साह जगाउनेछ ।
मिन – प्रतिष्ठा दिलाउनेछ ।

# वैचारिक संकटका कारण अनेक समूहले पाइरहेछन् मौका





साम्प्रदायिक सद्भाव भड्काएर मुलुकलाई उल्टो दिशामा हिंडाउन चाहने अनेक खाले समूह नेपालमा सक्रिय छन् । यस्ता समूहले पुराना दलको गुमेको साख र सत्तारुढ दलको वैचारिक अन्योललाई अराजकता पैदा गर्ने सुनौलो मौका ठानेका छन् ।

मोहन तिम्सिना

सुनसरी जिल्लाको देवानगन्जमा साउन १० गते राति डिजे साउन्ड बजाएको विषयलाई लिएर स्थानीय हिन्दु र मुस्लिम युवाहरू बीच विवाद भयो । यो विवादमा प्रहरीको गोली लागेर १० जना हिन्दु युवा घाइते भए । उपचारका क्रममा हालसम्म ३ जना युवाको मृत्यु भइसकेको छ ।

यो विषयलाई लिएर कोशी र मधेश प्रदेशका तराईका जिल्लाहरूमा हिंसात्मक प्रदर्शन भए । घटनाको चौथो दिनमा सिरहाको गोलबजारमा पनि गोली चल्यो । प्रहरीको गोली लागेर त्यहाँ दुई युवा घाइते भए, जसमध्ये एकको तत्काल मृत्यु भयो ।

यी घटनाका क्रममा थुप्रै सार्वजनिक तथा निजी संरचनामा आगजनी भए । समाजमा भय, त्रास र असुरक्षाको अवस्था सिर्जना भयो । तोडफोड र आगजनी बढ्दै गएपछि प्रधानमन्त्रीको खोजी भयो । तर सरकार, स्थानीय प्रशासकको सरुवा गरेर गुमनाम भयो ।

जब परिस्थिति नियन्त्रण बाहिर जाने अवस्था आयो, बल्ल साउन १५ गते प्रधानमन्त्रीले राष्ट्रका नाममा सम्बोधन गरे । गृहमन्त्री घटनास्थल पुगेर मृतकका परिवारसँग भेटघाट गरे ।

साउन १७ सम्म पुग्दा गृहमन्त्री सुधन गुरुङ जनकपुरमा कुनै हिन्दुवादी सङ्गठनसँग वार्ता गर्दै प्रकट भए । हिन्दु राष्ट्र घोषणा गर्नुपर्ने 'मागपत्र' ग्रहण गरे । यो पङ्क्ति तयार पार्दासम्म तनाव क्रमशः साम्य हुने दिशामा छ । तर घटनाक्रमले केही गम्भीर प्रश्न उठाएको छ ।

युवाहरू बीच विवाद पैदा हुनु अनौठो होइन । उक्त क्षेत्रमा यस्ता विवाद पटक-पटक उठ्दै समाधान हुँदै आएको हो । यहाँ मुख्य प्रश्न- गोली किन चल्यो ? के कारण घटना डढेलो जस्तै फैलियो ? किन सरकारको भूमिका फितलो देखियो ? कसरी एकाएक वार्ताको परिदृश्य प्रकट भयो ? यस्ता प्रश्नको जवाफ खोज्न जरुरी छ ।

देवानगन्ज द्वन्द्वदेखि जनकपुर वार्तासम्म आउँदा केही विषय आफैं स्पष्ट भएका छन् र केही विषय रहस्यको गर्भमै छन् । तैपनि यति भन्न सकिन्छ- साम्प्रदायिक सद्भाव भड्काएर मुलुकलाई उल्टो दिशामा हिंडाउन चाहने अनेक खाले समूह नेपालमा सक्रिय छन् । यस्ता समूहले पुराना दलको गुमेको साख र सत्तारुढ दलको वैचारिक अन्योललाई अराजकता पैदा गर्ने सुनौलो मौका ठानेका छन् ।

### घटनाको पृष्ठभूमि

लगभग ३५ हजार जनसंख्या रहेको सीमावर्ती गाउँपालिका देवानगन्जमा ८२ प्रतिशत हिन्दु र १२ प्रतिशत मुस्लिम समुदायको बसोबास छ । घटनास्थल कप्तानगन्ज बजारमा पुरानो शिव मन्दिर छ । त्यसकै लगभग ३०० मिटर दूरीमा केही वर्षअघि मदरसा बनेको छ ।

घटना भएको केही दिनअघि मुस्लिमहरूको मोहरम चाड थियो । स्थानीयहरूको भनाइ अनुसार कप्तानगन्ज बजारको मुख्य चोकमा मुस्लिम युवाले इस्लाम झन्डा गाडेका थिए । झन्डा गाडेको ठाउँ शिव मन्दिरबाट नजिकै थियो । चाड सकिएपछि स्थानीय हिन्दु युवाले उक्त झन्डा हटाउन अनुरोध गरे । त्यही विषयमा विवाद भयो । मामिला वडाअध्यक्ष र गाउँपालिका अध्यक्षसम्म पुग्यो । वडा र पालिकाको पहलमा विवाद समाधान गरियो, झन्डा हटाइयो ।

साउन १० गते आइतबार बेलुकी स्थानीय हिन्दु युवाहरू बोलबम जान भनेर सोही शिव मन्दिरमा जम्मा हुँदै थिए । अगाडि आइपुगेका १०-१२ जना युवा डिजे बजाएर नाच्न थालेपछि स्थानीय मुस्लिम युवाले राति हल्ला भएको भनेर विरोध गरे । यही विषयमा विवाद हुँदा सामान्य हात हालाहाल भयो । त्यहाँ आएका प्रहरी अधिकृतलाई सामान्य चोट लाग्यो । त्यो बेला हिन्दु युवाको संख्या कम भएको हुनाले उनीहरू पछि हटे ।

केही समयपछि अलि ठूलो समूहमा हिन्दु युवाहरू शिव मन्दिरमा आए । त्यसपछि प्रहरीले गोली चलायो । १० जना हिन्दु युवालाई गोली लाग्यो ।

### सरकार-नागरिक अलगाव

के साँच्चै सो क्षेत्रमा हिन्दु-मुस्लिम समुदाय बीच मारामार गर्नुपर्ने स्तरमै वैमनस्य थियो ? आज पनि दुवै समुदायले यो कुरा स्वीकार गर्दैनन् । सयौं वर्षदेखि यस क्षेत्रमा हिन्दु-मुस्लिम समुदाय मिलेरै बसेका छन् ।

स्मरण रहोस्, नेपालको तराई-मधेशमा हिन्दु-मुस्लिम समुदायलाई उनीहरूको धार्मिक परम्पराले नै मिलाएर राखेको हो । काठमाडौंमा शैव-बौद्ध समन्वय जस्तै यहाँ हिन्दु-मुस्लिम समन्वयका अनेक लोककथा, चाडपर्व र सांस्कृतिक उत्सव छन् । तिनै परम्पराले तराई-मधेशका रैथाने मुस्लिम र हिन्दु समुदायलाई एकता र सहकार्यको सूत्रमा बाँधेको छ ।

यहाँका हिन्दु वा मुस्लिम दुवै समुदाय बीच एउटा साझा मनोविज्ञान छ- उनीहरू दुवै आफूहरू पहाडिया शासकबाट उत्पीडित भएको ठान्दछन् । यसमध्ये पञ्चायती व्यवस्थाले दमनमा राखेको र बहुदलीय व्यवस्थाका दलहरूले धोका दिएको ठान्छन् । यसकारण हरेक राजनीतिक आन्दोलनमा उनीहरू सँगसँगै छन् ।

त्यसो भए खास समस्या के हो त ? मुख्य समस्या स्थानीय प्रशासन र स्थानीय जनता बीचको अलगाव हो । परापूर्वकालदेखि यहाँका जनताको सीमापारका भारतीय गाउँहरूसँग रोटीबेटीको सम्बन्ध छ । मलखाद र दैनिक उपभोग्य सामानका लागि पनि उनीहरू भारतीय बजार आउने-जाने गरिरहन्छन् ।

तर सीमा रक्षक दल र स्थानीय प्रशासन उनीहरूलाई सहयोग होइन, बाधा गर्दछ । सीमा रक्षक दलका कमान्डर प्रायः पहाडिया हुन्छन् र उनीहरू पहाडिया अहङ्कार सहित प्रस्तुत हुन्छन् । सीमा रक्षक दल र स्थानीय प्रशासनलाई सञ्चालन गर्ने जिल्लाको सिडिओ पनि पहाडिया हुन्छ, जसलाई स्थानीय भाषा, मनोविज्ञान, भूगोल र परिवेश थाहा हुँदैन । यसकारण स्थानीय जनता र स्थानीय प्रशासन बीच स्पष्ट अलगाव पैदा हुन्छ ।

घटनास्थलमा प्रहरीले अन्धाधुन्ध गोली चलाउनुमा स्थानीय जनता र स्थानीय प्रशासन बीचको यस प्रकारको अलगाव एउटा प्रमुख कारण हुन सक्छ । जिल्ला प्रशासन र स्थानीय प्रशासन बीच समन्वयको अभाव अर्को कारण हुन सक्छ । गृहमन्त्रालयको अकर्मण्यता र स्पष्ट निर्देशनको अभाव अर्को कारण हुन सक्छ ।

### नेतृत्वको सङ्कट

यो घटनालाई अर्को कोणबाट पनि हेर्न जरुरी छ । कुनै बेला यो क्षेत्र कांग्रेस नेता गिरिजाप्रसाद कोइरालाको एकछत्र भोट बैङ्क मानिन्थ्यो । कांग्रेस पार्टीका रक्षाकवच बनेर उभिनेमा यहाँका हिन्दु र मुस्लिम बराबर थिए । यहाँ अन्य दललाई छिर्न पनि मुस्किल थियो ।

यो बीपी-गिरिजाका पिता कृष्णप्रसाद कोइरालाको कर्मक्षेत्र थियो । बाबु कृष्णप्रसाद र छोरा बीपीको विरासतमा यो क्षेत्र कांग्रेसको प्रभावशाली गढ बनेको थियो । यस क्षेत्रको हिन्दु-मुस्लिम एकताको अर्को कडी यो पनि थियो । २०६४ सालसम्म आउँदा कांग्रेसबाट मोहभङ्ग भएर यहाँका जनता तत्कालीन 'मधेशी जनअधिकार फोरम' मा लागे । संविधानसभाका दुई चुनावमा फोरमले जित्यो । फोरम र त्यसका नेता उपेन्द्र यादवलाई शक्तिमा पुऱ्याउनेमा हिन्दु र मुस्लिम बराबर थिए ।

२०७२ सालमा नयाँ संविधान बन्यो । सङ्घीयताको स्थापनासँगै स्थानीय सरकार पनि बने । तर स्थानीय प्रशासनको चरित्रमा कुनै परिवर्तन देखिएन । विश्वास गरेका पुराना दलहरूले पनि उनीहरूको भावनालाई सम्बोधन गरेनन् । त्यसपछि चाहिं यो क्षेत्रमा जनमत विभाजित भयो ।

यसपालिको संसदीय चुनावमा यहाँका जनताले पुराना सबै पार्टीलाई बहिष्कार गरेर रास्वपालाई जिताए । तर यो बिल्कुलै नयाँ दलसँग प्रभावकारी नेतृत्व पनि छैन, जनतालाई सङ्गठित गर्ने सुस्पष्ट वैचारिकी पनि छैन । यसकारण जनमत विभाजित र तरल अवस्थामा छ । देवानगन्ज मात्र होइन, समग्र तराईको यतिबेलाको अवस्था यस्तै नै हो ।

यस्तो बेला स्थानीय प्रशासनले गरेको गल्तीलाई केही अतिवादी समूहले अराजकता पैदा गर्ने मौकाका रूपमा उपयोग गरे । रैथाने हिन्दु-मुस्लिम समुदायलाई विभाजित गर्ने र लडाउने प्रयत्न भयो । रातारात घटनाको प्रभाव विस्तार हुनु, घटनासँग जोडिएर रातारात कहिल्यै नामै नसुनिएका समूह देखा पर्नुले यही कुराको सङ्केत गर्दछ ।

### राज्य संरचना र भूराजनीति

गृहमन्त्री समस्याग्रस्त क्षेत्रमा

- बाँकी पृष्ठ ३ मा

## मधेश प्रदेशका २४ सामुदायिक...

व्यवस्थापनलाई विद्यार्थीको सिकाइ उपलब्धि सुधार, अनुशासन कायम र शैक्षिक वातावरण सुदृढ बनाउन विशेष ध्यान दिन आग्रह गरे ।
मन्त्री सिंहका अनुसार मधेश प्रदेशमा हाल तीन हजार ४८४ वटा सामुदायिक विद्यालय सञ्चालनमा रहेका छन् । प्रदेश सरकारले आगामी वर्षहरूमा क्रमिक रूपमा सबै सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि आवश्यक कार्यक्रम विस्तार गर्दै लैजाने योजना बनाएको उनले बताए ।
उनले मधेश प्रदेशको शिक्षा क्षेत्रमा अझै व्यापक सुधार आवश्यक रहेको स्वीकार गर्दै प्रदेश सरकारले त्यसतर्फ प्राथमिकताका साथ काम गरिरहेको बताए । साथै, प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने तयारी पनि तीव्र रूपमा अघि बढिरहेको जानकारी दिए । उनका अनुसार आवश्यक मापदण्ड पूरा गरेका स्थानीय तहलाई क्रमशः साक्षर पालिका घोषणा गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।
त्यसपछि मधेश प्रदेशलाई नै साक्षर प्रदेश घोषणा गर्ने लक्ष्यका साथ काम भइरहेको उनले बताए । शिक्षाको गुणस्तर सुधारलाई दीर्घकालीन रूपमा प्रभावकारी बनाउन सामुदायिक विद्यालयहरूको नियमित अनुगमन र मूल्याङ्कनलाई समेत थप सशक्त बनाइने मन्त्री सिंहले जानकारी दिए ।

## वैचारिक संकटका कारण अनेक समूहले...

जानु र समाधानको पहल गर्नु राम्रो कुरा हो । तर प्रशासक सरुवा र राहत वितरण मात्रैले यो समस्या समाधान हुँदैन । मूल कुरा, सरकार-नागरिक अलगाव हटाउनुपर्‍यो । यो भनेको राज्यको मूल्यमान्यता र संरचनामै आमूल परिवर्तन गर्नुपर्‍यो भनेको हो ।
नेपाल आजसम्म कसैको प्रत्यक्ष उपनिवेश बनेको छैन । तर नेपाली शासन संरचना बेलायती औपनिवेशिक संयन्त्रको नक्कल गरेर बनेको छ, जुन आजसम्म जिउँदैछ । बेलायती औपनिवेशिक शासनका निश्चित विशेषता थिए- समुदायलाई विभाजित गर्ने प्रशासन ढाँचा र हरेक ठाउँमा शासक जातिकै (बेलायतको) प्रशासक (जिल्ला कलेक्टर) । यो बेलायती औपनिवेशिक प्रशासनको प्राण थियो । यो ढाँचा मूलतः 'फुटाऊ, राज गर' भन्ने सूत्रमा आधारित थियो ।
राजा महेन्द्रको १४ अञ्चल ७५ जिल्लाको अवधारणा यसैको अन्धनक्कल हो । यसैको सिको गरेर नेपालमा उत्तर-दक्षिण चिरा पारेर समुदायलाई विभाजित गर्ने संरचना बनाइयो । त्यसमाथि 'जिल्ला' नामका प्रशासनिक एकाइ बनाएर थप विभाजन गरियो । जिल्ला कलेक्टरको फोटोकपी, सिडिओ पद खडा गरियो । हरेक जिल्लामा काठमाडौंले नै पहाडिया व्यक्ति (ब्राह्मण-क्षेत्री) लाई प्रशासक (सिडिओ) बनाएर पठाउने परम्परा चलाइयो ।
सङ्घीयताको स्थापनाले अञ्चल संरचना त हटायो, तर प्रदेश निर्माण गर्दा राज्यको विभाजनकारी चरित्र कायम राखियो । संविधानमै नभएको जिल्ला संरचनालाई जबर्जस्ती जिउँदै राखियो । यसरी आज पनि नेपालमा औपनिवेशिक शासन संयन्त्र, अर्थात् काठमाडौंले पठाएको खास जातिको प्रशासकले प्रशासन चलाउने परम्परा जिउँदैछ । यस्ता प्रशासकलाई स्थानीय भाषा, भूगोल र स्थानीय मनोविज्ञान थाहा हुँदैन । स्थानीय नागरिकलाई पनि यस्तो प्रशासनप्रति अपनत्व महसुस हुँदैन । तब नागरिक र सरकार बीच अलगाव पैदा हुन्छ । देवानगन्ज र गोलबजारमा हठात् गोली चल्नु र घटनाको प्रभाव तुरुन्तै विस्तार हुनुमा यस खालको शासन प्रणालीको पनि दोष छ ।
तर कुरा यतिमा सीमित छैन । नेपालको तराई-मधेशमा हुने हलचलमा सीमापारिको राजनीतिक उथलपुथलले पनि काम गर्दछ । भारतमा भाजपाको उदयसँगै त्यहाँ हिन्दु अतिवादको विस्तार भइरहेको छ । यसको प्रभाव नेपाली समाजसम्म आइपुगेको छ । भाजपा सम्बद्ध संस्थाहरूले नेपालमा सङ्गठन विस्तार गरिरहेको तथ्य धेरै पहिलेबाटै खुलेको हो ।
हिन्दु अतिवादको प्रतिक्रियामा मुस्लिम समाजभित्र पनि नरमपन्थको विकल्प खोज्ने प्रवृत्ति बढेको छ । यो प्रवृत्ति पनि सीमापारिबाट नेपाल प्रवेश गरिरहेको छ । अनेक बहानामा नेपालका रैथाने हिन्दु-मुस्लिम समुदाय बीच दूरी बढाउने प्रयास भइरहेको छ । देवानगन्ज द्वन्द्वपछि उत्पन्न परिस्थितिलाई यताातिरबाट पनि हेर्न जरुरी छ ।

**चुनौतीमय दिन**

नेपालीमा एउटा उखान छ, 'अर्कालाई चोर लगाउनुभन्दा पहिले आफ्नो थैली बलियो बाँध्नुपर्छ' । अर्थात्, भूराजनीतिलाई दोष दिनुभन्दा पहिले नेपालले आफ्नो आन्तरिक मामिला सुधार्नुपर्दछ । यद्यपि आजको घडीमा भूराजनीतिक प्रभावको व्यवस्थापन पनि उत्तिकै महत्वको विषय बनेको छ ।
तर अप्ठ्यारो के छ भने, सत्तारुढ दल र सरकारसँग मुलुकको वैकल्पिक ढाँचा कस्तो हुनुपर्छ भन्ने बारेमा कुनै धारणा नै छैन । वैदेशिक सम्बन्ध सुधारका लागि जिम्मेवारीबोध र तत्परता पनि देखिएको छैन । सरकारका गृहमन्त्री यसअघि कहिल्यै नाम नसुनेका कथित समूहसँग वार्ताको नाटक मञ्चन गर्दै हिंडिरहेका छन् । यसले सरकारको भूमिकामाथि नै प्रश्न उठाएको छ ।
देवानगन्ज द्वन्द्वदेखि जनकपुर वार्तासम्ममा जे देखियो, त्यसले स्पष्ट बताइरहेको छ- आगामी चार वर्ष मुलुकका लागि निकै अप्ठ्यारा वर्ष हुनेछन् । यद्यपि यस्तो परिस्थितिका निर्माता पुराना दल नै हुन् । उनीहरूकै भ्रष्ट र नालायकीले आजको अवस्था सिर्जना भएको हो ।
यो बेला हामी नेपालीका लागि दुई विकल्प मात्र बाँकी छन् - व्यापक नागरिक निगरानीका माध्यमबाट सरकारलाई खबरदारी गर्नु वा चुनावी शासनका अवगुण भोग्न अभिशप्त हुनु ।




## मन्त्रीको फेसबुके ढाड्समा...

प्रेमप्रसाद लुइँटेलमार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाइएको छ । मेयर महेन्द्र महतोको नेतृत्वमा पुगेको टोलीमा प्रदेशसभा सदस्य हरिनारायण महतोसहित विभिन्न राजनीतिक दल, उद्योगी-व्यवसायी र नागरिक समाजका प्रतिनिधि सहभागी थिए । उनीहरूले ढल्केवरमै प्रस्तावित क्रिटिकल केयर तथा ट्रमा सेन्टर अस्पताल निर्माण प्रक्रिया तत्काल अघि बढाउन सरकारसँग माग गरेका छन् । ज्ञापनपत्रमा सरकारले विगतका बजेट तथा कार्यक्रममा पूर्व-पश्चिम राजमार्गका बढी दुर्घटना हुने क्षेत्रमा ट्रमा सेवा विस्तार गर्ने नीति लिएको, ढल्केवरका लागि बजेट विनियोजन भइसकेको तथा आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा माटो परीक्षण, टोपोग्राफिकल सर्भेलगायत प्रारम्भिक प्रक्रिया सम्पन्न भइसकेको उल्लेख गरिएको छ । मेयर महतोका अनुसार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, राष्ट्रिय योजना आयोगलगायत निकायबाट आवश्यक प्रक्रिया अघि बढिसकेको छ । अस्पताल निर्माणका लागि आवश्यक जग्गा प्रयोगको निर्णय भइसकेको छ भने जग्गा उपयोगको प्रमाणपत्रसमेत प्राप्त भइसकेको उनले जानकारी दिए । नगरपालिकाले मन्त्रीको संसदीय अभिव्यक्तिपछि स्थानीयमा अन्योल, चिन्ता र आक्रोश बढेको जनाएको छ । मधेश प्रदेशको केन्द्रबिन्दु तथा पूर्व-पश्चिम राजमार्गको अत्यधिक दुर्घटना हुने संवेदनशील क्षेत्र भएकाले ट्रमा तथा क्रिटिकल केयर अस्पताल ढल्केवरमै निर्माण हुनुपर्ने माग ज्ञापनपत्रमा गरिएको छ ।
हाल मिथिला नगरपालिका-७ स्थित साविक ढल्केवर गाविस-२(क) को कित्ता नम्बर १६९ मा रहेको चार बिघा ऐलानी जग्गालाई आधार बनाएर संघीय सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमार्फत पहिलोपटक ट्रमा सेन्टर निर्माणका लागि रकम विनियोजन गरेको थियो । जग्गा प्राप्तिको प्रक्रिया पूरा भई लालपुर्जा समेत तयार भइसकेको मेयर महतोले बताए ।
यता, ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी लुइँटेलले स्वास्थ्यमन्त्री मेहताको फेसबुक स्ट्याटसबारे स्मरण गराए । उनले ढल्केवरमा ट्रमा सेन्टरका लागि जग्गा प्राप्तीलगायतको विभिन्न प्रक्रियामा आफू प्रत्यक्ष संलग्न एवं साक्षी रहेकोले ढल्केवरमै ट्रमा सेन्टर बन्नेमा आफू विश्वस्त रहेको उल्लेख गरे ।




"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

# खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय :** प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# जिल्ला अदालतद्वारा पाँच हजारबढी मुद्दा फछ्र्योट

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन २१ गते ।*




धनुषा जिल्ला अदालत जनकपुरधामले गत आर्थिक वर्ष २०८२/८३ मा पाँच हजार २ सय १६ मुद्दा फछ्र्योट गरेको छ।

अदालतका सूचना अधिकारी हेमकुमार महतोका अनुसार उक्त आवमा पाँच हजार ८ सय ४४ नयाँ मुद्दा दर्ता भएका थिए । अघिल्लो आवबाट चार हजार २ सय ३१ मुद्दा सरेर आएका थिए । यसरी कुल १० हजार ७५ मुद्दामध्ये पाँच हजार २ सय १६ मुद्दा फछ्र्योट भएको सूचना अधिकारी महतोले बताए । उनका अनुसार हाल पाँच हजार ५९ मुद्दा विचाराधीन अवस्थामा रहेका छन् ।

अदालतले अघिल्लो आव २०८१/८२ मा पाँच हजार ७ सय १ मुद्दा फछ्र्योट गरेको थियो। त्यस वर्ष पाँच हजार ७ सय ५३ नयाँ मुद्दा दर्ता भएका थिए भने चार हजार १ सय ७९ मुद्दा अघिल्लो आवबाट सरेर आएका थिए। कूल नौ हजार ९ सय ३२ मुद्दामध्ये पाँच हजार ७ सय १ मुद्दा फछ्र्योट गरिएको अदालतले जनाएको छ।

धनुषा जिल्ला अदालतले स्वचालित पेसी प्रणाली लागू गरेपछि सेवाग्राहीले छिटो, छरितो र पारदर्शी न्याय सम्पादनको अनुभूति गर्न थालेको अदालतको दाबी छ । प्रणाली लागू भएपछि पेसी व्यवस्थापनमा सहजता आएको, मुद्दाको सुनुवाइ प्रक्रिया व्यवस्थित भएको तथा सेवाप्रवाहमा सुधार आएको सूचना अधिकारी महतोले बताए। अदालत प्रशासनले आगामी दिनमा पनि न्याय सम्पादनलाई अझ प्रभावकारी, प्रविधिमैत्री र सेवाग्राहीमुखी बनाउँदै लैजाने जनाएको छ ।

# अभाव नियन्त्रण गर्न प्रतिपरिवार एक सिलिन्डर ग्यास

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन २१ गते ।*



धनुषामा खाना पकाउने एलपीजी ग्यासको सम्भावित अभावलाई नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय धनुषाले प्रतिपरिवार एक सिलिन्डर मात्र बिक्री गर्ने निर्णय गरेको छ।

जिल्ला प्रशासन कार्यालयमा बसेको सरोकारवाला निकाय, ग्यास उद्योग तथा बिक्रेताको संयुक्त बैठकले ग्यासको सहज आपूर्ति र समानुपातिक वितरण सुनिश्चित गर्न प्रतिपरिवार एक सिलिन्डर मात्र बिक्री गर्ने निर्णय गरेको हो ।

बैठकले जिल्लामा रहेका एलपिजी ग्यास उद्योगले दैनिक बिक्री हुने ग्यासको विवरण अभिलेख राखी समानुपातिक रूपमा वितरण गर्ने, धनुषालाई प्राथमिकतामा राखेर ग्यास आपूर्ति गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिए ।

त्यसैगरी, ग्यास बिक्रेताले एक परिवारलाई एक सिलिन्डर मात्र बिक्री गर्दा उपभोक्ताको नाम, ठेगाना र सम्पर्क नम्बर अनिवार्य रूपमा अभिलेख राख्नुपर्ने, व्यावसायिक प्रयोजनभन्दा घरेलु उपभोक्तालाई पहिलो प्राथमिकतामा राखेर ग्यास बिक्रीवितरण गर्नुपर्ने निर्णय भएको प्रजिअ लुइँटेलले बताए ।

कृत्रिम अभाव सिर्जना हुन नदिन आवश्यकताभन्दा बढी ग्यास भण्डारण नगर्न सर्वसाधारणलाई आग्रह गर्दै ग्यास बिक्रीवितरणका क्रममा बढी नाफा कमाउने उद्देश्यले अनुचित भण्डारण गर्ने, सहज आपूर्ति नगर्ने, बढी मूल्य लिने वा गलत नियतले कालोबजारी गर्ने व्यवसायीलाई कानुनी कारबाहीको दायरामा ल्याइने प्रजिअ लुइँटेलको भनाइ छ ।

जिल्ला प्रशासन कार्यालयले संयुक्त बजार अनुगमनलाई तीव्र बनाउने तथा माग, आपूर्ति र बिक्रीवितरणको नियमित अनुगमन गरी आवश्यक नियमन गर्ने निर्णयसमेत गरेको छ। पछिल्ला दिनमा ग्यासको आपूर्तिमा देखिएको असहज अवस्थालाई मध्यनजर गर्दै स्थानीय प्रशासनले ग्यास डिपोहरुको नियमित अनुगमन गरिरहेको जनाएको छ ।

# धनुषामा ५७ किमी सडक ढलान

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन २१ गते ।*



पूर्वाधार विकास कार्यालय जनकपुरधामले गत आर्थिक वर्ष २०८२/८३ मा सडक पूर्वाधारतर्फ प्रगति हासिल गरेको जनाएको छ ।

कार्यालयका अनुसार उक्त अवधिमा धनुषाका विभिन्न स्थानमा ५७ किलोमिटर सडक ढलान तथा २२ कल्भर्ट निर्माण सम्पन्न गरिएको छ। त्यसैगरी २२ दशमलव पाँच किलोमिटर सडकमा ग्राभेल र एक किमी सडक कालोपत्र गरिएको कार्यालय प्रमुख सञ्जीवकुमार साहले जानकारी दिए । उनका अनुसार सोही अवधिमा सात किलोमिटर सडक मर्मत-सम्भारको काम पनि सम्पन्न भएको छ ।

निरन्तरको पहल र प्रयासपछि आर्थिक वर्ष २०८२/८३ मा जनकपुरधाममा बिपी स्मृति सभाहल तथा सबैलामा योगनारायण स्मृति सभाहल निर्माण सम्पन्न भएको उनले बताए ।

उक्त अवधिमा धनुषाका विभिन्न स्थानमा २२ सामुदायिक भवन र दुई वटा सभाहल निर्माण सम्पन्न गरिएको पनि उनले जानकारी दिए। मधेस प्रदेश सरकारद्वारा धनुषामा सञ्चालित ३२ वटा बहुवर्षीय योजनामध्ये अधिकांश योजनाको काम अन्तिम चरणमा पुगेको कार्यालयले जनाएको छ। कार्यालय प्रमुख साहका अनुसार बहुवर्षीय योजनाअन्तर्गत संचालित 'एक निर्वाचन क्षेत्र सडक कार्यक्रम' पनि अन्तिम चरणमा पुगेको छ ।

उक्त कार्यक्रमअन्तर्गत सबै निर्वाचन क्षेत्रमा पाँच-पाँच किलोमिटर सडक निर्माण तथा कालोपत्र गरिने योजना रहेको छ। यसैबिच, बहुवर्षीय योजनाअन्तर्गत जनकपुरधाम उपमहानगरपालिका-१ स्थित जलाद खोलामा पुल निर्माण तथा धनुषाको भिमानदेखि महनगाछी-किसनपुरसम्म सडक कालोपत्रको काम सम्पन्न भइसकेको प्रमुख साहले बताए। जनता आवास कार्यक्रमअन्तर्गत धनुषा र महोत्तरीमा संचालित आवास कार्यक्रमअन्तर्गत ७९६ आवासमध्ये ६३८ आवास निर्माण सम्पन्न भइसकेको छ। बाँकी आवास सम्बन्धित अदालतमा मुद्दा विचाराधीन रहेकाले रोकिएको प्रमुख साहले बताए ।

यस्तै धनुषामा महेन्द्र नारायण निधि विपन्न आवास योजनाअन्तर्गत धनुषामा १०५ आवासमध्ये ७१ वटा आवास भवनको निर्माण कार्य सम्पन्न भइसकेको छ । बाँकी ३४ वटा भवन निर्माणाधीन अवस्थामा रहेको प्रमुख साहको भनाइ छ । विपन्नसँग मदन भण्डारी विपन्न आवास योजनाअन्तर्गत धनुषामा ५५ आवास भवनमध्ये २९ वटाको निर्माण कार्य सम्पन्न भएको र बाँकी निर्माण भइरहेको प्रमुख साहले बताए ।

# यातायात कार्यालयद्वारा ५७ करोड १५ लाख राजस्व संकलन

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन २१ गते ।*




यातायात व्यवस्था कार्यालय जनकपुरधामले आर्थिक वर्ष २०८२/८३ मा ५७ करोड १५ लाखभन्दा बढी राजस्व जम्मा भएको छ ।

कार्यालयले नयाँ सवारी दर्ता, नवीकरण तथा सवारी चालक अनुमतिपत्र वितरणलगायतबाट आव २०८२/८३ मा ५७ करोड १५ लाख ३० हजार ६३६ राजस्व सङ्कलन गरेको कार्यालय प्रमुख वासुदेव मल्लले राससलाई बताए ।

उनले उक्त राजस्व अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा नौ करोड ५४ लाख १३ हजार ३४४ कम सङ्कलन भएको जानकारी दिए ।

कार्यालयले अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा विभिन्न शीर्षकमा ६६ करोड ६९ लाख ४३ हजार ९८० राजस्व सङ्कलन गरेको थियो ।

गत भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलन तथा आर्थिक वर्षको अन्तिम महिनामा यातायात व्यवस्था विभागले सफ्टवेयर निर्माणका क्रममा ढिलाइ भएका कारण राजस्व सङ्कलनमा कमी आएको बताइएको छ ।

कार्यालय प्रमुख मल्लका अनुसार आव २०८२/८३ मा मोटरसाइकल १६ हजार ९ सय ५७ वटा, बस/ट्रक १८७ वटा, टेम्पो/विद्युतीय रिक्सा एक हजार ९ सय २ वटा, ट्र्याक्टर एक हजार २२ वटा, जिप/कार २ सय २६ वटालगायत गरी २१ हजार २ ९४ वटा नयाँ सवारी दर्ता भएका छन्। यस अवधिमा नयाँ तथा वर्ग थप गरी १३ हजार ३३८ जनालाई सवारीचालक अनुमतिपत्र वितरण गरिएको थियो ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रूप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री